# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

२०८०/१२/०५, सोमबार




स्वास्थ्य कार्यालय म्याग्दीमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालबाट पदस्थापना हुनुभएका जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटा लाइ स्वास्थ्य कार्यालय प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरुले स्वागत सहित सफल कार्यकालको सुभकामना ब्यक्त गरियो/



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा २०८०/१२/६,७ गते जिल्ला स्तरमा आ.व. २०८०/८१ को नियमित खोप, दादुरा-रुबेला खोप अभियान र सरसफाई प्रबर्धन कार्यक्रमको समिक्षा तथा नियमित खोपको सुक्ष्म योजना अद्यावधिक गोष्ठी सम्पन्न गरियो ।



कार्यक्रममा रघुगंगा गाउपालिका, धवलागिरी गाउपालिका र बेनी नगरपालिका स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाको प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो। उक्त कार्यक्रममा दादुरा रुबेला खोप अभियानको SWOT- समिक्षा गर्नुका साथै नियमित खोप कार्यक्रमको प्रगति, Dropout, खोप खेर जाने दर, सरसफाई प्रवर्धन कार्यक्रमको सिकाई, सुक्ष्म योजना अधावाधिक अभिमुखीकरण, VPD Surveillance र आगामी दिनमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी कसरि अगाडी लैजाने विषयमा पनि गम्बिर छलफल गरिएको थियो/

March 24-World Tuberculosis Day (**बिश्व क्षयरोग दिवस**) "Yes! We can end TB"
"हो । हामी क्षयरोग अन्त्य गर्छौं ।"

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी



२०८०/१२/१० गते शनिबार स्वास्थ्य निर्देशनालयको आयोजनामा स्वास्थ्य कार्यालय म्याग्दी  र धौलागिरीको गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा धौलागिरी गाउँपालिकाका जनप्रतिनिधिहरु र धौलागिरी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई पारिवारिक स्वास्थ्य प्रोफाइल सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ/



२०८०/१२/११ आइतबार, बिश्व क्षयरोग दिवशको अवसरमा “हो!हामी क्षयरोग अन्त्य गर्छौं !” भन्ने मूल नाराका साथ  स्वास्थ्य कार्यलय म्याग्दीको आयोजनामा पत्रकार तथा सरोकारवालाहरु संग अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट फोकल पर्सन गणेश सुबेदीले चालु आर्थिक बर्षको ८ महिनाको प्रतिबेदन अनुसार जिल्लाका स्थानीय तहमा जम्मा २४ जना क्षयरोगिको पहिचान भएको र सम्पूर्ण जिल्लाको अनुपातमा हुनपर्ने लक्ष भन्दा कम भेटिएको र परिक्षणको लागि अन्य जिल्लामा जानुपर्ने अवस्था समेत रहेको जानकारी गराउनु भयो/

यसैगरी स्थानीयतहहरु क्षयरोगमुक्त पालिका बनाउन समुदायस्तरमा क्षयरोगि पहिचान र नियमित औसधी उपचारको व्यवस्था मिलाउन र परिक्षणको लागि प्रयोगशाला र जनसक्ति सिमित भएको  हुनाले परिक्षणको दायरा बढाउन नसकिएको कुरा कार्यालय प्रमुख भुवन ठकुराठी ले जानकारी गराउनु भयो/

त्यसैगरि अन्य वार्ड हरुमा पनि विश्व क्षयरोग दिवसको अबसरमा स्वास्थ्य शिक्षा तथा स्क्रिनिङ शिविर विभिन्न स्वास्थ्य संस्थाहरुमा सम्पन्न भएको छ।

क्षयरोगको औषधी नि:शुल्क पाइन्छ ।

END TB

# मासीक  समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार





वार्ड देखि स्थानीय तह हुदै जिल्ला पूर्ण खोप सुनिश्चितताको दिगोपना घोषणा कार्यक्रम २०७९८०/ अन्तर्गत बैशाख महिनालाई राष्ट्रिय खोप महिना मनाउ भन्ने मूल नाराका साथ हामी पूर्ण खोप जिल्ला घोषणा गर्न विभिन्न क्रियाकलाप गरिरहेका छौं। गण्डकी प्रदेशको स्वास्थ्य कार्यालय म्याग्दीले घोषणा कार्यक्रमका विवरणलाई वृतचित्र बनाएर प्रस्तुत गरिएकोछ/



स्वास्थ्य कार्यालयको आयोजनामा आर्थिक बर्ष २०८०/०८१ को अर्धपर्षिक समिक्षा तथा क्षयरोग कोहर्ट विश्लेषण गोष्ठी कार्यक्रमसम्पन्न भएको छ। क्षयरोगको वर्तमान अवस्था र म्याग्दी जिल्लाको अवस्थाको बारेमा स्वस्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठीले प्रस्तुतिकरण गर्नुभएको थियो भने स्थानीतह बाट सम्बन्धित स्वास्थ्य संयोजकहरुले आ-आफ्नो प्रस्तुति दिनुभएको थियो/ कार्यक्रम  सहजिकरण लागि स्वास्थ्य निर्देशनालयबाट दिवाकर शर्माले गर्नु भएको थियो/

**“ म क्षयरोग अन्त्य गर्न प्रतिवद्ध छु ”**
**त्यसैले म निर्धककाा साथ क्षयरोगको जाँच गर्दछु ।**



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा मिति २०८०/१२/१८ गते मालिका गाउपलिका म्याग्दीमा स्थाई बन्ध्याकरण साथै महिला तथा स्त्रीरोग सम्बन्धि शिविर संचालनको विषयमा एकदिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ जसमा स्थानीय तहबाट स्वास्थ्य संयोजक, स्वास्थ्य चौकीहरुबाट प्रतिनिधिहरु लगायत दर्बाङ् आधारभूत अस्पतालबाट मेडिकल अधिकृत लगायत अन्य कर्मचारीहरु लगायत अन्य सरोकारहरुको उपस्थिति रहेको थियो/ कार्यक्रममा शिविर संचालनको बिसयमा व्यापक छलफल भएको थियो/

Plan Your Future, Plan Your Family

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार




२०८०/१२/१६ देखी १९ गते सम्म स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा संचालित राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत खोप सेवामा संलग्न स्वास्थ्यकर्मीहरुलाई नयाँ खोप, कोल्डचेन व्यवस्थापन, ए आइ र.एफ.इ.सर्भिलेन्स तथा खोप सेसनको व्यवस्थापन र सरसफाई प्रवर्द्बन सम्बन्धी ४ दिने आधारभूत तालिमको पहिलो ब्याच सम्पन्न भएको छ। कार्यक्रम सहजीकरण स्वास्थ्य कार्यालय म्याग्दीका खोप सुपरभाइजर बिरेन्द्र कुमार चौधरीले गर्नु भएको थियो भने खोप सम्बन्धि अभिमुखीकरणका साथै यसको महत्वोको बारेमा कार्यलय प्रमुख भुवन ठकुराठीले गर्नुभएको थियो/



चार दिनको कार्यक्रम बिभिन्न सेसनमा संचालन भएको थियो जसमा सहभागी सम्पूर्ण स्थानीयतहका स्वास्थ्यकर्मीहरु रहेका थिए/ सहभागी हरुलाई विभिन्न खालका रचनात्मकप्रक्रिया बाट र प्राक्टिकल **बेसमा तालिम संचालन गरिएकोथियो/**



कार्यक्रम अझै प्रभावकारी बनाउनको लागि स्वास्थ्य कार्यालय पर्बतका खोप अधिकृत जयन्द्र गुरुङ र स्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले सहजीकरण गर्नु भएको थियो/




२०८०/१२/१९, धवलागिरी गाँउपलिका वार्ड-३ मुनास्थित मुना स्वास्थ्य चौकीमा पुर्ण खोप सुनिश्चितता तथा दिगोपना वार्ड घोषणा कार्यक्रम सफलता पुर्बक सम्पन्न भएको छ/

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी




२०८० चैत्र २० गतेका दिन रघुगंगा गाउँपालिकाको ८ नं वडालाई पूर्ण खोप सुनिश्चितता तथा दीगोपना वडा घोषणा गरिएको छ/



२०८०/१२/२१ रघुगंगा गाउँपालिका वार्ड-४ पूर्णखोप सुनिश्चितता तथा दिगोपना वार्ड घोषणा कार्यक्रम भब्य रुपमा सम्पन्न गरिएको छ/ जसमा ०-१५ महिनाका १५ जना र १६-५९ महिनाका कुल ४६ जना बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार पाउनुपर्ने खोप प्राप्त गरेका छन/



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा मिति २०८० साल चैत्र महिनाको २१ र २२ गते संचालन भएको जिल्ला स्तरमा आ.व. २०८०/८१ को नियमित खोप, दादुरा-रुबेला खोप अभियान र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा तथा नियमित खोपको सुक्ष्म योजना अद्यावधिक गोष्ठी अन्नपूर्ण गाउँपालिका , मालिका गाउँपालिका र मंगला गाउँपालिकाको स्वास्थ्य शाखा र अन्तर्गतको स्वास्थ्य संस्थाको प्रमुख तथा प्रतिनिधिको सहभागितामा सम्पन्न भएको छ ।यस कार्यक्रम दादुरा रुबेला खोप अभियानको SWOT मा आधारित समिक्षा भएको छ र नियमित खोप कार्यक्रमको प्रगति, Dropout, खोप खेर जाने दर , सरसफाई प्रवर्धन कार्यक्रमको सिकाई, सुक्ष्म योजना अधावाधिक अभिमुखीकरण, VPD Surveillance र आगामी दिनमा खोप कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी तवरले कसरि अगाडी लैजाने विषयमा छलफल गरि सम्पन्न भएको छ। कार्यक्रममा सहभागीहरुले म्याग्दी जिल्लाको खोप सेवालाई सुदृढ गर्ने प्रतिबद्धता जनाउनु भएको छ।

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी



२०८०/१२/२२ गते रघुगंगा गाउँपालिका वार्ड-५, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वार्ड घोषणा सम्पन भएको छ/ जसमा चालु आर्थिक बर्षको चैत्र महिना सम्म ०-१५ महिनाका १२ जना र १६-५९ महिनाका ५१ गरि जम्मा ६३ जना बालबालिकाहरुले रास्ट्रिय खोप तालिका अनुसार पाउनुपर्ने खोप सेवा प्राप्त गरेका छन/



मिति २०८०/१२/२३ गते स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा सायना प्रेस बिस्तार सम्बन्धि एकदिने अभिमुखीकरण कार्यक्रम स्वास्थ्य कार्यालय म्याग्दीको सभाहलमा सम्पन्न गरियो/ कार्यक्रममा बेनी अस्पतालका बालरोग बिसेसज्ञ डा. कुसल बरालले आतिथ्यता गर्नुभएको थियो भने म्याग्दी जिल्ला अन्तर्गतका स्थानीय निकायमा कार्यरत स्वास्थ्य संयोजक र स्वास्थकर्मी हरुको सहभागिता रहेको थियो/ परिवार नियोजनको बारेमा अभिमुखीकरण र सम्पूर्ण जिल्लाको वर्तमान अवस्थाको बारेमा स्वास्थ्य कार्यालय का फोकल पर्सन गणेश सुबेदीले गर्नुभएको थियो भने सयाना प्रेसको बारेमा प्रसिक्षण पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान, नर्सिङ प्रशासक कमला राना ले गर्नुभएको थियो/




परिवार नियोजनको बारेमा अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य निर्देशनालयका अन्जु पौडेल र स्वास्थ्य सामग्री आपूर्तिको बिषयमा जनस्वास्थ्य प्रशासक, प्रदेश आपूर्ति ब्यबस्थापन केन्द्रका सिम्रन काफ्ले अन्तरक्रिया गर्नुभएको थियो/ कार्यक्रममा सहभागीहरु सायना प्रेसको प्रयोग बिधिबारे महत्वपूर्ण ज्ञान हासिल गर्नु भएको थियो/

**दैनिक रुपमा व्यायम तथा योगा गरौ, शारीरिक तन्दुरुस्ती बढाउनका साथै रोग बाट मुक्ति पाऔ !**

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी




स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा मिति २०८०/१२/२४ र २५ गते दर्वाङ आधारभुत अस्पताल र बेनि अस्पताल म्याग्दीमा परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर संचालन र मिति २०८०/१२/२४ गते दर्वाङ आधारभुत अस्पतालमा महिला तथा प्रसुति रोग सम्बन्धि शिविर सम्पन्न भएको छ/



स्थायी बन्ध्याकरण शिविरमा मध्यबिन्दु अस्पताल नवलपुरमा कार्यरत डाक्टर जितेन्द्र कंडेल र महिलाको शिविरमा बेनि अस्पताल म्याग्दीमा कार्यरत विशेषज्ञ डाक्टर अन्जुथापा ले सेवा प्रदान गर्नुभएको थियो।। मुख्य सेवा प्रदायक चिकित्सक हरु लगायत बेनि अस्पताल म्याग्दी,दर्वाङ आधारभुत अस्पताल साथै सम्पूर्ण स्वास्थ्यकर्मीहरूमा शिविर सम्पन्न गर्नमा सहयोग पुर्‍याउनुभएकोमा हार्दिक धन्यबाद ब्यक्त गर्दछौं। उक्त शिविरमा १० जना सेवाग्राही ले बन्ध्याकरण सेवा र ६० जना महिलाहरुले स्त्रीरोग सम्बन्धि सेवा लिनुभएको छ/




२०८०/१२/२५ गते ७६औं बिश्व स्वास्थ्य दिवसको अवसरमा "मेरो स्वास्थ्य मेरो अधिकार" भन्ने मूल नाराका साथ म्याग्दी बहुमुखी क्याम्पसको आयोजना र स्वास्थ्य कार्यालय म्याग्दी र म्याग्दी जेसिसको सह-आयोजना साथै नेपाल नेत्र ज्योति संघ, आँखा उपचार केन्द्र बेनीको प्रधिबिक सहयोगमा विधार्थीहरुलाइ १ दिने आँखा सम्बन्धि स्वास्थ्य शिक्षा तथा आँखा शिविर म्याग्दी बहुमुखी क्याम्पसको सभाहलमा सम्पन्न भएको छ/



# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

कार्यक्रममा बिभिन्न क्षेत्रबाट सरोकारवाला प्रतिनिधि व्यक्तित्वहरुको उपस्थिति रहेको थियो/ कार्यक्रममा स्वास्थ्यकार्यालय म्याग्दीका तर्फबाट कार्यालय प्रमुख भुवन ठकुराठीले जनस्वास्थका विषयमा आफ्नो धारणा राख्नु भएको थियो भने आँखा स्वास्थ्यको हालको अवस्था, आँखा संबन्धि हून सक्ने रोगहरु तथा अन्य समस्याहरु र तिनको रोकथाम तथा प्राथमिक उपचारको बारेमा जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटाले प्रस्तुतीकरण दिनुभएको थियो/



कार्यक्रमको अन्त्यमा कार्यक्रमका बिशिस्ट अथितिबाट अथितिहरु लाइ मायाको चिनो हस्तान्तरण गरि औपचारिक कार्यक्रम सम्पन्न भएको थियो भने आँखा जाचको कार्यक्रम दिनभर संचालन भएको थियो जसमा सम्पूर्ण बिदार्थी, शिक्षक लगायत अन्य अभिभावकहरु गरि जम्मा २६३ जना लाभान्वित भएका छन्/

## ७६[औ] विश्व स्वास्थ्य दिवश

**“मेरो स्वास्थ्य मेरो अधिकार”**

“My Health My Right”




२०८०/१२/२५ गते रघुगंगा गाउँपालिका वार्ड-२, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वार्ड घोषणा सम्पन भएको छ/ जसमा चालु आर्थिक बर्षको चैत्र महिना सम्म ०-१५ महिनाका २१ जना र १६-५९ महिनाका १०६ गरि जम्मा १२७ जना बालबालिकाहरुले रास्ट्रिय खोप तालिका अनुसार पाउनुपर्ने खोप सेवा प्राप्त गरेका छन्/




२०८०/१२/२६ सोमबार “स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप वार्ड सुनिश्चितता हाम्रो प्रतिबद्दता” भन्ने मूल नाराका साथ रघुगंगा गाउँपालिका-३ लाइ पूर्ण खोप वार्ड सुनिश्चितता तथा दिगोपन घोषणा समारोह सम्पन्न भएको छ/ जसमा

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

जनप्रतिनिधिहरु, स्वास्थ्य शाखा प्रमुख एबं शाखाका कर्मचारीहरु, स्वास्थ्य संस्था संचालक समितिका पदाधिकारी स्थानीय क्लबका प्रतिनिधिहरु, शिक्षकहरु कर्मचारीहरु र आमा समूह र म. स्व. स्वा. से. हरु लगायत अन्य विभिन्न सरोकारवालाहरुको उपस्थिति रहेको थियो/ उक्त समारोहमा चालु आ. ब. को चैत्र महिना सम्म वार्ड-३ अन्तर्गतका ०-१५ महिनाका राष्ट्रिय खोप तालिका अनुसार ५० जना र घरधुरी सर्वेक्षणमा १५८ बाल बालिकाले पूर्ण खोप प्राप्त गरेका छन्/




खोप सुनिश्चित गरिएको हुदा राखुपिप्ले स्वास्थ्य चौकीलाई प्रमाण-पत्र समेत प्रदान गरिएको छ/




२०८०/१२/२७

“स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप वार्ड सुनिश्चितता हाम्रो प्रतिबद्दता” भन्ने मूल नाराका साथ रघुगंगा गाउँपालिका-१ लाइ पूर्ण खोप वार्ड सुनिश्चितता तथा दिगोपन घोषणा समारोह सम्पन्न भएको छ/ जसमा जनप्रतिनिधिहरु, स्वास्थ्य शाखा प्रमुख एबं शाखाका कर्मचारीहरु, स्वास्थ्य संस्था संचालक समितिका पदाधिकारी स्थानीय क्लबका प्रतिनिधिहरु, शिक्षकहरु कर्मचारीहरु र आमा समूह र म. स्व. स्वा. से. हरु लगायत अन्य विभिन्न सरोकारवालाहरुको उपस्थिति रहेको थियो/ उक्त समारोहमा चालु आ. ब. को चैत्र महिना सम्म वार्ड-३ अन्तर्गतका ०-१५ महिनाका राष्ट्रिय खोप तालिका अनुसार ९ जना र घरधुरी सर्वेक्षणमा ६० बाल बालिकाले पूर्ण खोप प्राप्त गरेका छन्/



खोप सुनिश्चित गरिएको हुदा बेगखोला स्वास्थ्य चौकीलाई प्रमाण-पत्र समेत प्रदान गरिएको छ/

# मासीक समाचार पत्रिका

अंक १, बर्ष १, वैशाख २ गते, आइतबार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी



२०८०/१२/२८

स्वास्थ्य कार्यालय म्याग्दीको अयोजनामा र जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्ला बिपत व्यवस्थापन समिति तथा सरकारवाला निकायहरुको समन्वयातमक वैठक साथै बिपत व्यवस्थापनमा र दुर्त प्रतिकार्य (RRT) सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ/



२०८०/१२/२८

स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा कुष्ठरोगका बिरामीहरुको सक्रिय विधिबाट खोजपडताल संबन्धि अभिमुखीकरण तथा योजना तर्जुमा कार्यक्रम धौलागिरी गाउँपालिका ताकम स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी म. स्वा. से. हरुको उपस्थितिमा सम्पन्न भएको छ/ कर्यकाममा स्वास्थ्य कार्यालय म्याग्दीका फोकल पर्सन गणेश सुबेदी र दर्बाङ आधारभूत अस्पतालका हे.अ. यमन नेपालीले सहजीकरण गर्नुभएको थियो/ अभिमुखीकरण पश्चात छिट्टै पत्ता लागेका बिरामीहरुको सम्पर्क परिक्षण गर्ने निर्णय समेत गरिएको छ/




२०८०/१२/३० गते रघुगंगा गाउँपालिकाको आयोजनामा “स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता” भन्ने मूल नाराका साथ चालु आ.ब. ०८०/८१ को चैत महिना सम्म यस गाउँपालिका अन्तर्गतका १५ महिना मुनिका कुल १७१ सबै बालबालिकाहरुलाई रास्ट्रीय खोप तालिका बमोजिम सम्पूर्ण खोप दिलाई १६-५९ महिना सम्मका कुल जम्मा ५९२ जना बालबालिकाहरुमा पूर्णखोपको अवस्था कायम राखी आगामी दिनमा समेत पुर्नाखोप पालिका सुनिश्चितता तथा दिगोपन कायम राख्ने प्रतिबद्धता व्यक्त गर्दै यस रघुगंगा गाउँपालिकालाइ पहिलो पालिकाको रुपमा पूर्णखोप पालिका सुनिश्चितता

तथा दिगोपन घोषणा समारोह सम्पन्न गरियो



समारोहमा रघुगंगा गाउँपालिकाका अध्यक्ष एबं पालिका खोप समन्वय समिति श्री भब बहादुर भण्डारी को अध्यक्षता र जिल्ला समन्वय समिति अध्यक्ष श्री राजकुमार थापाको आतिथ्यता र स्वास्थ्य कार्यालय म्याग्दी प्रमुख एबं जिल्ला खोप समन्वय समिति सचिब श्री भुवन ठकुराठी र रघुगंगा गाउँपालिका प्रमुख प्रसासकिय अधिकृत श्री चेतनारायण भण्डारी को विशिष्ट आतिथ्यता रहेको थियो/ समाहरोहमा वार्ड अध्यक्षहरु, कार्यपालिका सदस्य, राजीनितिक दलका प्रमुख प्रतिनिधिहरु, संघ-संस्थाका प्रतिनिधिहरु, स्वास्थ्यकर्मी, शिक्षक एबं बिधार्थीहरु, आमा समूह. म. स्वा. स्व. से. लगायत अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो/